नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

अप्पर स्याँङ्गे हाईड्रोपावर लिमिटेड (USHL) को साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/०४/२५ गते बिहीबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र अप्पर स्याँङ्गे हाईड्रोपावर लिमिटेड (नेप्से सिम्बोल USHL) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको २२,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष सिद्धार्थ क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारण लगानीकर्ता शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष, स्थानीय बासिन्दाहरु र कर्मचारीहरु समेत) मा वितरण गरिएको ८,७०,००० कित्ता (३९.५५%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको १३,३०,००० कित्ता (६०.४५%) शेयर (धितोपत्र) समेत गरी जम्मा २२,००,००० कित्ता (१००%) साधारण शेयर  धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०४/२३ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०८०/०४/२५ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र अप्पर स्याँङ्गे हाईड्रोपावर बीच धितोपत्र  सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, चन्डोल रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

मिति : २०८०/०४/२५

फोन नं.: ०१-४२५०७५५/५६/५८

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड काठमाडौं २०५०